कर्णाली प्रदेश सरकारद्धारा स्वीकृत मिति २०८३/०७/१७

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) सम्बन्धी निर्देशिका, २०८३

प्रस्तावना: सुरक्षित, स्वच्छ तथा मर्यादित वातावरणमा काम गर्ने प्रत्येक व्यक्तिको अधिकार सुनिश्चित गर्दै कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्नका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सुशासन ऐन, २०७६ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) सम्बन्धी निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले "कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१" सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले कार्यस्थलमा कार्यरत कर्मचारी वा कामदार सम्झनु पर्छ।

(ग) "कार्यस्थल" भन्नाले प्रदेश सरकारका निकाय तथा कार्यसम्पादनका क्रममा प्रयोग हुने स्थान सम्झनु पर्छ।

(घ) "निकाय" भन्नाले प्रदेश सरकार अन्तर्गतका सरकारी कार्यालय, प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था र प्रदेश कानून बमोजिम स्थापना भएको कार्यालय वा संगठित संस्था सम्झनु पर्छ।

(ङ) "यौनजन्य दुर्व्यवहार" भन्नाले दफा ४ बमोजिमका कार्य सम्झनु पर्छ।

(च) "व्यवस्थापक" भन्नाले कार्यस्थलको प्रशासनिक वा व्यवस्थापकीय जिम्मेवारी बहन गर्ने प्रमुख व्यक्ति सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा ५ बमोजिम गठित यौनजन्य दुर्व्यवहार निवारण समिति सम्झनु पर्छ।

(ज) "सेवाग्राही" भन्नाले कार्यस्थलमा सेवा लिनका लागि उपस्थित भएका व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको साथमा कार्यस्थलमा आउने व्यक्तिसमेतलाई जनाउँछ।

३. **मार्गदर्शक सिद्धान्तः** यस निर्देशिकाको कार्यान्वयन गर्दा देहाय बमोजिमको सिद्धान्त अबलम्बन गर्नु पर्नेछः-

(क) **शून्य सहनशीलताः** कार्यस्थलमा हुने कुनै पनि प्रकारको यौनजन्य दुर्व्यवहारलाई पूर्ण रूपमा अस्वीकार गरिनेछ।

(ख) **गोपनीयता**: कार्यस्थलमा हुने कुनै पनि प्रकारको यौनजन्य दुर्व्यवहार सम्बन्धी उजूरी र सोसँग सम्बन्धित सबै विवरण गोप्य राखिनेछ।

(ग) **निष्पक्षता**: कार्यस्थलमा हुने कुनै पनि प्रकारको यौनजन्य दुर्व्यवहार सम्बन्धी र निर्णय प्रक्रियामा कुनै पक्षपात गरिने छैन।

(घ) **पीडितमैत्री**: कार्यस्थलमा हुने कुनै पनि प्रकारको यौनजन्य दुर्व्यवहारका पीडितको हित, सुरक्षा र सम्मानलाई प्राथमिकता दिइनेछ।

(ङ) **लैङ्गिक समानता**: कार्यस्थलमा सबैलाई समान व्यवहार गर्दै विभेदरहित वातावरण सुनिश्चित गरिनेछ।

४. **यौनजन्य दुर्व्यवहार मानिने कार्यहरू:** (१) कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरूपयोग गरी, कुनै प्रकारको दबाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा देहायका कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार गरेको मानिनेछः-

(क) यौनजन्य आशयले शरीरको कुनै अङ्गमा छोएमा वा छुन प्रयास गरेमा,

(ख) अश्लील तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य, विद्युतीय माध्यमका वस्तु वा सामग्री प्रयोग वा प्रदर्शन गरेमा,

(ग) लेखेर, बोलेर वा संकेतमार्फत् अश्लील तथा यौनजन्य आशय प्रकट गरेमा,

(घ) यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गरेमा,

(ङ) यौनजन्य आशयले जिस्काएमा, हैरानी दिएमा वा अपमानजनक व्यवहार गरेमा।

(२) कसैले पनि कार्यस्थलमा उपदफा (१) बमोजिमका कुनै प्रकारका यौनजन्य दुर्व्यवहार गर्न वा गराउन हुँदैन।

(३) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक, सूचनामूलक, अनुसन्धानमूलक, उपचार वा बचाउको सिलसिलामा गरिएको कुनै पनि यौनजन्य दुर्व्यवहार गरेको मानिने छैन।

५. **यौनजन्य दुर्व्यवहार निवारण समिति गठन:** (१) कार्यस्थलमा हुन सक्ने यौनजन्य दुर्व्यवहारलाई नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्यले आवश्यक कामकारवाही गर्नका लागि प्रत्येक निकायमा देहाय बमोजिमको एक यौनजन्य दुर्व्यवहार निवारण समिति रहनेछः-

(क) सम्बन्धित निकायको व्यवस्थापक पछिको निकटतम् वरिष्ठ कर्मचारी -संयोजक

(ख) सम्बन्धित निकायको वरिष्ठ महिला कर्मचारी -सदस्य

(ग) कानून अधिकृतको दरबन्दी भएमा सम्बन्धित निकायको कानून अधिकृत -सदस्य

(घ) सम्बन्धित निकायको लैङ्गिक सम्पर्क व्यक्ति -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको महिला कर्मचारी नभए प्रशासन हेर्ने कर्मचारी सदस्य रहनेछ।

(३) समितिको बैठक वर्षको कम्तीमा दुई पटक र आवश्यकतानुसार अन्य समयमा समेत बस्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

६. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

(क) कार्यस्थलमा हुन सक्ने यौनजन्य दुर्व्यवहार सम्बन्धी जोखिमको अध्ययन गर्ने,

(ख) कार्यस्थलमा मर्यादित र सुरक्षित वातावरण सिर्जना गर्न सहयोग गर्ने,

(ग) मर्यादित र सुरक्षित कार्यस्थल बनाउनका लागि व्यवस्थापक समक्ष सिफारिस गर्ने,

(घ) गुनासो सुनुवाइ प्रणाली सम्बन्धी अध्ययन गरी सुधार गर्न व्यवस्थापकलाई सुझाव दिने,

(ङ) पीडितको संरक्षणका लागि व्यवस्थापक समक्ष सिफारिस गर्ने,

(च) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारणका लागि व्यवस्थापकलाई आवश्यक सहयोग गर्ने,

(छ) कार्यस्थलको नियमित अनुगमन गर्ने,

(ज) कर्मचारी तथा सेवाग्राहीलाई आवश्यक सूचना सम्प्रेषण तथा अभिमूखीकरण गर्ने,

(झ) व्यवस्थापकले तोके बमोजिमका अन्य कार्य गर्ने।

७. **<u>यौनजन्य दुर्व्यवहार रोकथाम सम्बन्धी व्यवस्था</u>:** व्यवस्थापकले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार रोकथाम गरी मर्यादित र सुरक्षित कार्यस्थल बनाउनका लागि देहायका उपाय अवलम्बन गर्नुपर्नेछः-

(क) उजुरी पेटिका वा डिजिटल प्रणाली स्थापना गर्ने,

(ख) सूचना तथा सचेतनामूलक सामग्री प्रकाशन तथा प्रसारण गर्ने,

(ग) निकायसँग सम्बन्धित सरोकारवालालाई नियमित तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(घ) नागरिक बडापत्रमा गुनासो सुनुवाइ सम्बन्धी व्यवस्था उल्लेख गर्ने,

(ङ) आफ्नो निकायको आचारसंहिता बनाई लागू गर्ने,

(च) कार्यस्थलमा नियमित छलफल र अनुगमन गर्ने।

८. **<u>गुनासो गर्ने</u>:** (१) कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेको भए सोबाट पीडित कर्मचारी, सेवाग्राही वा निजको तर्फबाट जोसुकैले त्यस्तो व्यक्तिउपर सम्बन्धित निकायको व्यवस्थापक समक्ष पन्ध्र दिनभित्र लिखित रूपमा उजुरी वा मौखिक रूपमा गुनासो गर्न सक्नेछ।

(२) प्रदेशस्तर वा जिल्लास्तरका कार्यालयका कुनै व्यवस्थापकले कार्यस्थलमा कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेमा, पीडित कर्मचारी, सेवाग्राही वा निजको तर्फबाट जोसुकैले त्यस्तो व्यक्तिउपर पन्ध्र दिनभित्र लिखित रूपमा उजुरी वा मौखिक रूपमा गुनासो गर्न सक्नेछन्। यस्तो उजुरी वा गुनासो प्रदेशस्तरको कार्यालयका व्यवस्थापकको हकमा प्रमुख सचिव समक्ष र

जिल्लास्तरको कार्यालयका व्यवस्थापकको हकमा सम्बन्धित मन्त्रालयको सचिव समक्ष पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम कसैले मौखिक गुनासो गरेमा व्यवस्थापकले त्यस्तो गुनासोलाई लिखित रूपमा अभिलेख गरी गुनासो दर्ता गर्नुपर्नेछ।

(४) गुनासो दर्ता गर्दा सम्बन्धित व्यक्तिको विवरण गोप्य राख्नुपर्नेछ।

९. **गुनासोको छानबिनः** (१) दफा ८ बमोजिम व्यवस्थापकसमक्ष कुनै गुनासो प्राप्त भएमा व्यवस्थापकले त्यस्तो गुनासोउपर तत्काल छानबिन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा सरोकारवाला निकाय तथा व्यक्तिबाट आवश्यक प्रमाण सङ्कलन, बयान लिने तथा अन्य आवश्यक कार्य गर्न सक्नेछ।

(३) व्यवस्थापकले पीडितको गोपनीयता, सम्मान तथा सुरक्षामा प्रतिकूल असर नपर्ने गरी छानबिन प्रक्रिया सञ्चालन गर्नुपर्नेछ।

१०. **गुनासोको सुनुवाइ तथा समाधानः** (१) दफा ९ बमोजिम छानबिन गर्दा आरोपित व्यक्तिले गुनासो गर्ने कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको पाइएमा व्यवस्थापकले देहायका मध्ये कुनै वा सबै कार्य गर्न वा गराउन सक्नेछः-

(क) दुवै पक्षको सहमतिमा मेलमिलाप गराउने,

(ख) आरोपित व्यक्तिलाई पीडितसँग माफी माग्न लगाउने,

(ग) आरोपित व्यक्तिलाई त्यस्तो कार्य पुनः नगर्न सचेत गराउने,

(घ) सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्ने।

(२) व्यवस्थापकले गुनासो दर्ता भएको मितिले पन्ध्र दिनभित्र गुनासो टुङ्गो लगाउनुपर्नेछ।

११. **उजुरी दिन सक्नेः** दफा १० बमोजिम गुनासो टुङ्गो नलागेमा वा निर्णयप्रति असन्तुष्ट भएमा पीडित कर्मचारी, सेवाग्राही वा निजको तर्फबाट जोसुकैले ऐन बमोजिम उजुरी दिन सक्नेछ।

१२. **गुनासोकर्ताको संरक्षणः** (१) यस निर्देशिका बमोजिम गुनासो वा उजुरी गरेको कारण मात्र कुनै कर्मचारीलाई सेवाबाट हटाउने, सरुवा गर्ने वा अन्य प्रतिकूल कारबाही गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिमको कुनै कारबाही भएमा सम्बन्धित व्यक्तिले ऐन बमोजिम निवेदन दिन सक्नेछ।

(३) व्यवस्थापकले गुनासोकर्ताको संरक्षणका लागि देहायबमोजिमका कार्य गर्नु गराउनु पर्नेछः-

(क) गुनासोकर्तालाई असुरक्षा हुने भएमा कार्यस्थल परिवर्तन गर्ने,

(ख) आरोपीलाई अस्थायी रूपमा अलग राख्ने,

(ग) गुनासोकर्तालाई आवश्यक सुरक्षाको व्यवस्था गर्ने गराउने,

(घ) गुनासोकर्तालाई मनोसामाजिक सहयोग उपलब्ध गराउने,

(ङ) गुनासोकर्ताको गोपनीयता कायम राख्ने,

(च) गुनासोकर्तालाई सम्मानजनक व्यवहार गर्ने।

१३. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) यस निर्देशिकाको कार्यान्वयन सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्बन्धित मन्त्रालय र सम्बन्धित मन्त्रालयले मातहतका कार्यालयमा नियमित अनुगमन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमनको सुझाव कार्यान्वयन गर्नु सो निकायको दायित्व हुनेछ।

१४. **निर्देशिका लागु गर्न सकिनेः** यस निर्देशिकालाई स्थानीय तह, प्रचलित कानून बमोजिम स्थापित गैरसरकारी, सामुदायिक तथा निजी सङ्घ संस्थाले लागू गर्न सक्नेछन्।